सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक ६४ ♦ २०८० साल कार्तिक ३० गते विहिवार ♦ 16 Nov 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५



पाकिस्तान क्रिकेट टिमको कप्तानबाट बाबर आजमको राजीनामा ।

पेज ४ मा

## प्रहरी नियन्त्रणबाट भाग्न खोजेका दुई डाका माथि गोली प्रहार गरि पक्राउ

**खबर दर्पण समाचारदाता**

**कार्तिक २९ गते, महोत्तरी**

महोत्तरीमा मंगलवार राती डाकाहरु र प्रहरी बीच दोहोरो भिडन्त भएको छ। प्रहरीले दुई जना डाकाहरुलाई पक्राउ गरि जिल्ला प्रहरी कार्यालय महोत्तरी जलेश्वर ल्याउने क्रममा डाकाहरु भाग्न खोज्दा भिडन्त भएको हो ।

महोत्तरी लगायत मधेस प्रदेश का विभिन्न जिल्लाहरुमा चोरी डकैती लगायत अपराधीक क्रियाकलाप गरेर फरार रहेका कुख्यात डाकाहरुलाई पक्राउ गरेर ल्याउने क्रममा सोनमा गाउँपालिका ५ मा पुग्दा उनिहरुले प्रहरी माथि गोली प्रहार गरी भाग्न खोज्दा प्रहरीले जवाबी गोली प्रहार गरेका थिए ।







महोत्तरीका प्रहरीका प्रवक्ता डीएसपी दिलिप कुमार गिरीका अनुसार कार्तिक २० गते बिहान करिब अढाई बजे भएको डकैती घटनामा संलग्न दुई जना सर्लाहीको लालबन्दी नगर पालिका- २ बस्ने ३२ वर्षीय शक्ती पासवान र ३३ वर्षीय अजय पासवानलाई रौटहटको गरुडा नगरपालिका ४ पानी ट्याङकी स्थितमा मंगलबार मध्याह्न ३ बजे नियन्त्रणमा लिइएको हो । प्रहरीले दुवै जनालाई नियन्त्रणमा लिँदा पासवानको साथबाट कटुवा पेस्तोल १ थान र त्यसमा लाग्ने गोली ४ थान ४ समेत बरामद गरेको थियो ।

पक्राउ परेका दुवै जनालाई महोत्तरी तर्फ ल्याउँदै गर्दा सर्लाहीको संग्रामपुरमा प्रहरीको गाडी बिग्रेको थियो । जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट अर्को सबारी मगाई उक्त गाडीले महोत्तरीको सिमाना सोनमा गाउँपालिका ५ सम्म राति १० बजे पुऱ्याए पछि पुनः महोत्तरी बाट आएको अर्को गाडीमा नियन्त्रणमा लिएको व्यक्तीलाई सुरक्षाकर्मीले हाल्न खोज्दा गाडीबाट हामफाली भाग्न खोजेका थिए । प्रवक्ता गिरीले आफ्नो कमाण्डमा खटिएको टोलीले गोली फायर गर्दा दुवै जनाको बायाँ खुट्टाको तिघ्रामा गोली लागेको जानकारी दिए । उनले डकैती आरोपमा पक्राउ परेका दुबै जना भाग्न खोज्दा गोली प्रहार गर्नुपरेको र गोली लाग्दा दुवै अभियुक्त घाइते भएको र अवस्था गम्भीर रहेको जनाएको छ ।

दुवै जनाको बायाँ खुट्टाको तिघ्रामा गोली लागेको छ। गोली लागेर दुबै घाइते अभियुक्तको प्रादेशिक अस्पताल जलेश्वरमा उपचार भैरहेको रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

त्यसैगरी उक्त घटनामा परी

बाँकी पृष्ठ ३ मा

## विश्वकप क्रिकेट : न्यूजिल्याण्डलाई ७० रनले हराउँदै भारत फाइनलमा, शामीको सात विकेट

न्यूजिल्याण्डलाई ७० रनले हराउँदै भारत एकदिवसीय विश्वकप क्रिकेटको फाइनलमा प्रवेश गरेको छ ।

३९८ रनको लक्ष्य पछ्याएको न्यूजिल्याण्डलाई ३२७ रनमा अलआउट गर्दै भारतले उपाधि भिडन्त पक्का गरेको हो ।

मुम्बईस्थित वानखेडे स्टेडियममा

बाँकी पृष्ठ २ मा





## विधिपूर्वक लगाइयो भाइटीका, सकियो तिहार



**खबर दर्पण समाचारदाता**

**कार्तिक २९ गते, महेन्द्रनगर**


प्रत्येक वर्ष कार्तिक शुक्ल द्वितीयाका दिन मनाइने नेपालीको दोस्रो ठूलो चाड तिहार

बाँकी पृष्ठ ३ मा

ए.एस.डी. अफसेट प्रेस

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प



- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

# मधेशमा ‘भरदुतिया’ मनाइँयो

अजय कुमार साह

**कार्तिक २९ गते, महेन्द्रनगर**

मधेशमा ‘भरदुतिया’ पर्व मनाइँएको छ। भाईटिका जस्तै मधेशमा भरदुतिया मनाउने परम्परा रहेको छ। यस पर्वमा भाईटिका भन्दा केही विधि भने फरक रहेको छ। यस पर्वलाई भाइदुज, भरदुतिया, भ्रातृद्वितीया पनि भन्ने गरिन्छ।



दिदीबहिनीले दाजुभाइको गलामा मखमली माला र निधार मा सप्तरंगी टीका लगाइदिएपछि दाजुभाइले दिदीबहिनीलाई नगद, कपडा लगायतका उपहार दिन्छन्। यस दिन दाजुभाइ दिदीबहिनीको घरमा भार (मिठो पकवान सहितका सनेस) लिएर पुग्ने चलन छ।

भरदुतीयामा दिदीबहिनीले घर आँगन लिपेर चोख्याउँछन्। आँगनमा पिर्का राखेर त्यसमाथि अरिपन (माटो घोलेर बनाइने मैथिली चित्र) बनाएर सिन्दूरको थोपा लगाइन्छ।

दिदीबहिनीले दाजुभाइको गोडा पानीले धोइदिन्छिन् र अरिपन दिएको पिर्कामा बसाउँछन्। त्यसपछि दाजुभाइको अञ्जुलीमा पानको पात, सुपारी, फलफूल राखिदिन्छन्। अनि पानी चुहाउँदै परिक्रमा गर्छन् जसलाई न्यौत (निमन्त्रण दिनु) भनिन्छ।

त्यसपछि दिदीबहिनीले दाजुभाइको निधारमा सप्तरंगी टीका र माला लगाइदिएर दीर्घायुको कामना गर्छन्। दाजुभाइले पनि दिदीबहिनीलाई गच्छे अनुसार रुपैयाँ, गरगहना, लुगा सनेस (उपहार) दिने चलन छ।

## अरिपनको महत्व

भातृदुतिया पर्वको क्रममा बनाइने अरिपन यो पर्वलाई विशेष र पृथक बनाउँछ। यो अरिपन षटदल कमल आकृतिको हुन्छ। पिर्काको अगाडि कमलको फूल कोरिएको अरिपनमाथि कचौरा राखिएको हुन्छ। लोटामा जल राखिएको हुन्छ जसमा पान, सुपारी, कुभिन्डो लगायतका फूल राखिएको हुन्छ। सोही अरिपनमाथि भाइलाई बसाएर पूजा गरिन्छ। दीपावली र छठ पर्वको बीचमै पर्ने यो पर्वले मिथिलाञ्चलवासीको हर्षलाई अझै बढाउँछ। दीपावली पर्वलाई लिएर घरआँगन लिपपोत गरिएकै हुन्छ। यद्यपि बहिनी आफ्नो भाइको स्वागतका लागि घरआँगन गाईको गोबरबाट लिपपोत गर्छिन।

## यस्तो छ किवदन्ती : भातृद्वितियाको कथा :

यस पर्वलाई लिएर एउटा कथा प्रचलित छ। भगवान सूर्य नारायणको पत्नीको नाउँ छाया हो। छायाकै गर्भबाट यमराज तथा यमुनाको जन्म भएको थियो। यमुना आफ्नो भाइ यमराजलाई अगाध स्नेह गर्थिन्।

भनिन्छ, यमुनाले पटक पटक आफ्नो भाई यमसँग निवेदन गर्थिन् आफ्ना इष्टमित्रका साथ घर आउनका लागि। तर आफ्नो कार्यमा व्यस्त यमराजले उनको यो निवेदनलाई टार्दै आउँथे। यसै क्रममा कार्तिक शुक्ल पक्षको द्वितीया तिथि आयो। यमुनाले सोही दिन भाई यमराजलाई भोजनका लागि निमन्त्रणा दिएर घर आउन वचनबद्ध गरिन्। यमराजले सोचे म सबैको प्राण लिन्छु। मलाई कोही घर बोलाउन चाहँदैनन्। बहिनीले यति स्नेहपूर्वक बोलाई रहेकी छिन् भने, उसको स्नेहको मान राख्नु मेरो धर्म हो। यमराजलाई आफ्नो घर आएको देखेर यमुना औंधी खुसी भइन। यमुना स्नान र पूजा गरी विभिन्न प्रकारको व्यंजन भाई यमलाई खानका लागि दिइन्।

यमुनाद्वारा गरिएको आतिथ्यबाट यमराज प्रसन्न भएर आफ्नो बहिनीलाई वरदान माग्नलाई भने। यमुनाले भाई यमराजलाई प्रत्येक वर्ष यो तिथिमा आफ्नो घर आउनका लागि भनिन्। म जस्तै बहिनीले यो दिनमा आफ्नो भाईलाई आदर सत्कार गरी टीका लगाउने गर्छिन भने उसलाई तपाईको भय रहँदैन। यमराजले तथास्तु भनेर यमुनालाई अमूल्य वस्त्राभूषण दिएर यमलोक फर्के। सोही दिनबाट भातृद्वितीया पर्व मनाउने परम्परा सुरु भएको मानिन्छ।


**विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।**

यस खबर दर्पण दैनिक पत्रिका दसै, दिपावली, तिहार र छठ पर्वको अवसरमा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


# विश्वकप क्रिकेट : न्यूजिल्याण्डलाई......

भएको ड्यारी मिचेलले १३४ रन बनाए पनि न्यूजिल्याण्डको हार टार्न सकेनन्। केन विलियम्सन ६९ रनमा आउट भएका थिए।

कीवी टोलीलाई १३ बल अगाडी नै अलआउट गर्ने क्रममा भारतका मोहम्मद शामीले सात विकेट लिए। ९.५ ओभर बलिङ गरेका उनले ५७ रन मात्रै दिएका थिए। एकदिवसीय खेलमा ७ विकेट लिने शामी भारतको पहिलो बलर बनेका छन्।

त्यसअघि पहिले ब्याटिङ गरेको घरेलु टोलीले पूरै ओभर खेलेर ४ विकेट क्षतिमा ३९७ रन बनाएको थियो।

भारतको लागि विराट कोहली र श्रेयस अय्यरले शतकीय पारी खेले।

विराटले ११३ बलमा ९ चौका र २ छक्का प्रहार गर्दै ११७ रन बनाए। यो विराटको ५०औं शतक हो। उनले सर्वाधिक ४९ शतक बनाउने सचिन तेन्दुलकरको रेकर्ड तोडेका छन्।

श्रेयसले भने ७० बलमा ४ चौका र ८ छक्का प्रहार गर्दै १०५ रन बनाए। केएल राहुल ३९ र शुभमन गील ८० रनमा अविजित रहे।

कप्तान रोहित शर्माले ४७ रनको योगदान गरे।

न्यूजिल्यान्डको लागि टिम साउथीले ३ विकेट लिए। दोस्रो सेमिफाइनलमा दक्षिण अफ्रिका र अष्ट्रेलियाबीच प्रतिस्पर्धा हुनेछ।

**छोरा छोरीमा भेदभाव नगरौं।**

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# प्रहरी नियन्त्रणबाट भाग्न...

दुईजना प्रहरी पनि घाइते भएका छन् । घटनामा प्रहरी सहायक हबल्दार संजय जयसवाल र प्रहरी जवान श्याम गिरि घाइते भएको डीएसपी गिरिले बताए । गोली लागेका दुवै जनाले गत कार्तिक २० गते बिहान करिब अढाई बजेको समया जलेश्वर नगरपालिका ८ सानो रतवारा बस्ने भुवनेश्वर चौधरीको घर को मुलढोका लगायतको घर को ढोकाहरूको ताल्चा फुटाइ ७/८ जनाको डाका समूह हातहतियार सहित घरमा प्रवेश गरी घरमा रहेको भुनेश्वर चौधरी, जय किसोर चौधरी, सिमा चौधरी रुशैलदेवी चौधरी भान्सा कोठामा लगि बन्द गरी लुटपाट गर्नुको साथै उनीहरुले भुनेश्वर चौधरीको टाउकोमा प्रहार गरी घाइते बनाएको र शैल देवी माथि काठको चिर पटले प्रहार गरी घाइते बनाई घरबाट ४० तोला सुनको गर गहना, चाँदीको ४५ तोलाको गरगहना, एक थान मोबाइल, नगद १ लाख ७५ हजार रकम लुटेको आरोप छ ।

महोत्तरीका एसपी प्रकाश मल्लका अनुसार पक्राउ परेका डाकाहरु माथि विभिन्न किसिमको ११ ओटा मुद्दा चलि रहेको छ । उनिहरुले कार्तिक महिना भित्र मात्र महोत्तरीमा २ धनुषामा १ र रौतहटमा १ डकैती र लुटपाट गरेका छन् । मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २० को दफा २४४ बमोजिम उनीहरूलाई सजाय हुने एसपी मल्लले बताए ।

# विधिपूर्वक लगाइयो भाइटीका ...............

को मुख्य दिन आज दाजुभाइले दिदीबहिनीबाट टीका लगाएका छन् । यससँगै नेपालीको दोस्रो महत्वपूर्ण पर्व आजैदेखि सकिएको छ ।

यमपञ्चक समेत भनिने तिहार को पाँचौं एवं अन्तिम दिन आज भाइटीका पर्व दिदी बहिनीले आफ्ना दाजुभाइलाई श्रद्धा, आस्था र निष्ठाका साथ दीर्घायु, आरोग्य र ऐश्वर्य प्राप्तिको कामना गर्दै परम्परा अनुसार पञ्चरङ्गी वा सप्तरङ्गी टीका लगाएर मनाइएको हो ।दिदीबहिनीले दाजुभाइलाई टीका लगाएपछि दाजुभाइले पनि दिदीबहिनीलाई टीका लगाउने गरिन्छ । दिदीबहिनीलाई पूजा गर्नाले अखण्ड सौभाग्य र ऐश्वर्य प्राप्त हुने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् तोयराज नेपालले जानकारी दिए ।

भाइटीका लगाउन आज दिनभर बाधा नभएपनि साइत खोज्नेका लागि समितिले बिहान १०:५१ बजेको अभिजित् मुहूर्तको समय उत्तम भनी सार्वजनिक गरेको थियो ।

लक्ष्मी पूजाका दिन स्थापना गरिएको दियो, कलश र गणेशको पूजा गरी मूल थालीमा लेखिएको अष्टदलमा मार्कण्डेय, अश्वत्थामा, बलि, व्यास, हनुमान, विभीषण, कृपाचार्य र परशुराम गरी अष्ट चिरञ्जीवी, चित्रगुप्त, यमराज, यमुना र धर्मराज, गणपत्यादि वनस्पत्यन्त देवताको समेत पूजा आराधना गरी दिदी बहिनीले दाजुभाईलाई तेलको धाराले छेकेर परम्परा अनुसार आज सप्तरङ्गी वा पञ्चरङ्गी टीका, मखमली, सयपत्री वा गोदावरी लगायतका फूलका माला लगाइदिएका छन् ।

तिहारमा सप्तरङ्गी टीका लगाउने भनी प्रचारप्रसार गरिएपनि शास्त्रीय मान्यता भने तिहारमा लगाउने टीकाको रङ्ग रातो, सेतो, पहेँलो, हरियो र नीलो गरी पाँचवटा उल्लेख गरिएको धर्मशास्त्रविद्हरुको भनाइ छ । टीका लगाइदिएपछि दिदी बहिनीले दाजुभाइलाई ओखर, कटुस, मर मसला एवं सेलरोटी लगायतका खानेकुरा दिने र दाजुभाइले पनि दिदीबहिनीलाई गच्छे अनुसार सौभाग्यका प्रतीक कपडा र दक्षिणा दिई सम्मान प्रकट गर्ने धार्मिक एवं सामाजिक परम्परा छ ।

दिदी बहिनी नहुनेका लागि आजैका दिन काठमाडौँको रानीपोखरीको बीचमा रहेको बालगोपालेश्वर मन्दिर कखुलाइएको थियो । बालगोपालेश्वर मन्दिर वर्षमा एकपटक आजैका दिनमात्र खुल्ने गर्दछ । दिदी बहिनी नहुनेहरु भाइटीकाका दिन यसै मन्दिर मा गई पूजा आजा एवं दर्शन गरी टीका लगाउने गर्दछन् । यसैगरी जयवागेश्वरीमा रहेको खञ्जनेश्वर महादेव मन्दिरमा पनि आज दिदीबहिनी नहुने दाजुभाइले पूजा तथा दर्शन गरी टीका लगाउने प्रचलन रहेको छ ।

## सूचना ! सूचना !!! सूचना !!!

**आफ्नो गाई भैसीहरुमा कृत्रिम गर्भाधान गराइ उन्नत किसिमका पाडा-पाडी, बाच्छा-बाच्छी उत्पादन गरी दूध उत्पादन बढाऔं ।**

हिउँद तथा वर्षे घासको विकास गरौं र उन्नत किसिमका घासको श्रोत केन्द्र स्थापना गरी आत्म निर्भर बनौं । पशु बिमा गरि पशु धनको सुरक्षा गरौं ।

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जनकपुरधाम**

## सूचना ! सूचना !!! सूचना !!!

**नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गर `को क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।**

जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, महोत्तरी

**जिल्लाको सहरी क्षेत्रमा घर टहरा निर्माण गर्दा नगरपालिकाको माप दण्ड अनुसार निर्माण कार्य गरौं । मापदण्ड विपरीत घर टहरा निर्माण नगरौं तथा नगरको सौन्दर्यतालाई जोगाउन अघि बढौं ।**

संघीय आयोजना कार्यान्वयन ईकाई कार्यालय धनुषाको अनुरोध

## सूचना ! सूचना !!! सूचना !!!

सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।

**डिभिजन सडक कार्यालय**
**मुजेलिया, जनकपुर**

**विद्युत चुहावट बन्द गरौं । सभ्य समाजको निर्माणमा अग्रसर होऔं । विद्युत महशुल नतिर्ने ग्राहक वर्गको जुनसुकै बेला पनि विद्युत लाईन काटिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।**

नेपाल विद्युत प्राधिकरण
**प्रादेशिक कार्यालय, मुजेलिया, जनकपुर**

**सूचना ! सूचना !! सूचना !!!**

**सडक हामी सबैको साँझा सम्पति हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर,गोबर ,खरानी लगायतका सामानहरू नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरू नगरौं । सडक दुर्घटना बाट जोगाऔं र अरूलाई पनि जोगाऔं ।**

**हुलाकी सडक आयोजना**
**धनुषा**

**वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौँ । वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौँ ।**

**डिभिजन वन कार्यालय**
महोत्तरी

**वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौँ । वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौँ ।**

**डिभिजन वन कार्यालय**
धनुषा

## सूचना ! सूचना !!! सूचना !!!

**नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।**

जलश्रोत तथा सिंचाई विकास
डिभिजन कार्यालय, धनुषा

## कृषक वर्गमा अनुरोध

नेपाल एक कृषि प्रधान देश भएको र खाद्यमा आत्म निर्भरता बढाउने सरकारी प्रयास स्वरुप किसानलाई विभिन्न खालेसेवा सुविधा उपलब्ध हुँदै आएको छ । समयमा वर्षा नहुँदा कयन खेत बारीहरु बाँझै छन्, नजिकै पानीको श्रोत नभएको ठाउँमा के कसरी सिँचाई गर्ने सवालमा तर ाईका जिल्लाहरुमा भुमिगत (जमिनमुनी) का जललाई उपभोग गर्न सकिन्छ । यसरी भुमिगत जलश्रोतबाट अधिकतम रुपमा सिंचाई सेवा उपलब्ध गराउने उद्देश्यले भुमिगत जलश्रोत विकास समिति महोत्तरीले धुनषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्लाको केहि भागमा समूहगत सिंचाई सेवा उपलब्ध गराउँदै आइरहेको छ। नजिकै पानीको मुहान नभएको ठाउँमा के कसरी सिंचाई गर्न सकिन्छ भने अधिक जानकारीका लागि तपसीलको ठेगानामा सम्पर्क राखी खाद्यमा आत्म निर्भरता बढाउन भूमिगत जलश्रोत सिंचाई प्रयोग गरौं ।

भूमिगत सिंचाई विकास डिभिजन
महोत्तरी फोन नं. ०४४-५२०४५४

# नयाँ समयतालिका निर्धारण गरी रेल सेवा सञ्चालन हुने

खबर दर्पण समाचारदाता

**कार्तिक २९ गते, महेन्द्रनगर**

नेपाल रेल्वेले जाडो मौसममा नयाँ समयतालिका निर्धारण गरी रेल सेवा सञ्चालन गर्ने जनाएको छ ।

भारतको जयनगरबाट जनकपुरधामसम्म जनकपुरधामबाट बिजलपुरासम्म सञ्चालन भइ रहेको नेपाल रेल सेवा आगामी मङ्सिर १ गतेदेखि हालको समयतालिकामा परिवर्तन गरी सञ्चालन गर्ने नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जनकुमार झाले जानकारी दिनुभयो । मङ्सिर देखि चिसो बढ्ने र दिउँसोको समय छोटो हुने हुँदा यात्रुको सुविधालाई ध्यानमा राखी हालको समयतालिकामा परिवर्तन गरिएको उहाँको भनाइ छ । दैनिक आउजाउ गरी छपटक सञ्चालन भइरहेको रेल भङ्गाहा (बिजलपुरा)-जयनगर खण्डमा पूर्ववत दैनिक एक सेवा सञ्चालन हुनेछ । जनकपुरधाम-जयनगर खण्डमा दैनिक तीन सेवा सञ्चालन यथावत रहेको छ। महाप्रबन्धक झाले भन्नुभयो, "चिसो मौसमका कारण यात्रुको सुविधा र स्वास्थ्यलाई मध्यनजर गरी समय मात्र परिवर्तन गरिएको छ ।" परिवर्तन गरिएको नयाँ तालिकाअनुसार रेल सेवाको



पहिलो ट्रिप रेल भङ्गाहाबाट (बिजलपुरा) बिहान ७:३० प्रस्थान र जयनगर ९:१५ पुग्ने र अन्तिम जयनगरबाट दिउँसो ४:१५ बाट चल्ने रेल साँझ ७:१५ बजे भङ्गहा आइपुगेर रात्रि विश्राम बस्ने नेपाल रेल्वे कम्पनी लिमिटेड केन्द्रीय कार्यालय जनकपुरधामले जनाएको छ ।

त्यस्तै जयनगरबाट बिहान १० बजे प्रस्थान गर्ने रेल जनकपुरधाम ११:१५ बजे पुग्ने र सोही रेल जनकपुरधामबाट बिहान ११:४५ बजे चल्ने रेल जयनगर दिउँसो १:१५ बजे पुग्ने जनाएको छ। यसैगरी फेरि जयनगरबाट दिउँसो १:४५ बाट चल्ने रेल जनकपुरधाम दिउँसो ३:१० बजे आइपुग्ने र सोही रेल पुन: जनकपुरधामबाट दिउँसो ३:१५ बजे सञ्चालन भई दिउँसो ४:४० बजे जयनगर पुग्ने नेपाल रेल्वे कम्पनी जनकपुरधामका कर्मचारी रञ्जितकुमार ठाकुर ले जानकारी दिनुभयो ।

दिउँसो ४:४५ बजे जयनगरबाट बिजलपुराका लागि अन्तिम रेल सेवा सञ्चालन हुने उहाँले भन्नुभयो। यो रेल साँझ ७:१५ बजे भङ्गहा (विजपुरा) पुगेर रात्रि विश्राम बस्ने छ। यस रेल विस्तार परियोजनाको प्रथम चरणमा जयनगर-जनकपुर कुर्था ३५ किलोमिटर, दोस्रो चरणमा धनुषाको कुर्थाबाट महोत्तरीको विजलपुरा भङ्गाहासम्म १७ दशमलव पाँच किलोमिटर रेलको लिक तयार भएको छ। तेस्रो चरणमा विजलपुरा भङ्गाहाबाट बर्दिबाससम्म १८ किलोमिटर खण्डमा रेल सेवा सञ्चालनका लागि लिक निर्माण भइरहेको छ ।

विसं १९९४ मा जुद्धशम्शेरका पालामा सुरु भएको बिजलपुरा-जनकपुर-जयनगर ५२ किमी रेलमार्ग २०५८ सालमा बाढीले बिग्हीपुल (लोहारपट्टि, महोत्तरी) भत्काएपछि जनकपुर-जयनगर ३५ किलोमिटरमा सीमित भएको थियो । नेपालमा पहिलो रेल सेवा १९८४ सालमा चन्द्रशम्शेरको पालामा रक्सौल-अमलेखगञ्ज सुरु भएको थियो ।

अहिले सञ्चालन भइरहेको नेपाली रेल २०७७ असोज २ गते भारतीय रेल्वे कम्पनी कोंकर्ण कर्पोरेशनसँग रु ८४ करोड ६५ लाखमा दुई सेट 'डेमो ट्रेन' (डिजेल इलेक्ट्रिक मल्टिपल युनिट) खरिद गरी ल्याइएको थियो । सो रेलमा एक हजार दुई सयदेखि एक हजार तीन सय यात्रुले यात्रा गर्न सक्ने बताइएको छ ।

# पाकिस्तान क्रिकेट टिमको कप्तानबाट बाबर आजमको राजीनामा



पाकिस्तान क्रिकेट टिमको कप्तानबाट बाबर आजमले राजीनामा दिएका छन्। बुधबार आजामले सामाजिक सञ्जालमार्फत् आफूले पाकिस्तानको टेस्ट, एकदिवसीय र टी-२० टिमको कप्तान पद त्यागेको घोषणा गरेका हुन्।

भारतमा जारी एकदिवसीय विश्वकपमा पाकिस्तानको खराब प्रदर्शन पछि आजमको आलोचना भएको थियो। कतिपय आलोचकले उनको राजीनामा समेत मागेका थिए।

विश्वकपको सेमिफाइनल पुग्न नसकेको पाकिस्तानले समूह चरणमा ९ खेल मध्ये ४ खेलमा मात्र जित निकालेको थियो।

बाबरले विश्वकपमा नौ खेलमा ३२० रन बनाएका थिए। पाकिस्तानका लागि तेस्रो उच्च रन बनाएका उनको ४० को औसत र ८२.९० को स्ट्राइक रेट थियो।-एजेन्सी


जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।

**रामगोपालपुर नगरपालिका**
महोत्तरी

जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुन:प्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

**औरही नगरपालिका, महोत्तरी**

सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व

- नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,
- सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सरल र सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी रूपमा काम कारवाहीको सम्पादन

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं।

**क्षीरेश्वरनाथ नगरपालिका, धनुषा**

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**

बालविवाह सामाजिक र कानूनी अपराध हो

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

**जनकपुरधाम उपमहानगर पालिका, धनुषा**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा